राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily






रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १९७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन १६ गते शनिबार ❑ 1 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## प्रदेश प्रमुखबाट फिर्ता गरिएको गाँजा खेतीसम्बन्धी विधेयक पुन:पारित

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन

गण्डकी प्रदेश सभाले प्रदेश प्रमुखबाट पुनर्विचारका लागि सन्देशसहित फिर्ता गरिएको औषधीजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्न बनेको विधेयक पुनः कुनै संशोधन नगरी हुबहु पारित गरेको छ । शुक्रबार बसेको प्रदेश सभाको बैठकले सबै दलको समर्थन सहित विधेयक सर्वसम्मत रूपमा पारित गरेको प्रदेश सभा सचिवालयले जनाएको छ ।

प्रदेश प्रमुख डिल्लीराज भट्टले संघीय कानुनसँग बाझिएको भन्दै तीन बुँदे सन्देशसहित यही साउन ८ गते प्रदेश सभामा फिर्ता पठाएको विधेयकलाई प्रदेश सभाले आफ्नो अडान कायमै राख्दै पुनः अनुमोदन गरेको हो । गण्डकी प्रदेशमा प्रदेश प्रमुखले विधेयक पुनर्विचारका लागि फिर्ता गरेको यो पहिलो घटना पनि हो ।

उद्योग तथा पर्यटन मन्त्री यसोदा रिमालले बैठकमा विधेयकमाथि पुनर्विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्नु भएको थियो भने त्यसपछि भएको संक्षिप्त छलफलमा अधिकांश सांसदले प्रदेश प्रमुखले उठाएका कानुनी प्रश्नको खण्डन गर्दै विधेयक प्रदेशको संवैधानिक अधिकारभित्र रहेको जिकिर गर्दै अन्ततः प्रदेश सभाले विधेयकलाई हुबहु पारित गरेको सभामुख कृष्णप्रसाद धितालले बताउनु भयो ।

छलफलका क्रममा नेपाली कांग्रेसका प्रमुख सचेतक प्रकाश बराललले विधेयक विषयगत समितिमा विज्ञ, संघीय सरकारका प्रतिनिधि तथा नियामक निकायसँग विस्तृत छलफल गरेर तयार गरिएको स्मरण गराउँदै संघीय कानुनसँग नबाझिएको दाबी गर्नुभयो । "प्रदेशलाई संविधानले दिएको अधिकार प्रयोग गरेर कानुन बनाइएको हो । संघीयताको प्रभावकारितामाथि प्रश्न उठिरहेका बेला प्रदेशले एउटा नयाँ अभ्यास सुरु गरेको छ," उहाँले भन्नुभयो, "विधेयक फिर्ता गर्नुपर्ने कुनै कानुनी आधार देखिँदैन ।" नेकपा (एमाले) की प्रमुख सचेतक देवका पहारी त्रिपाठीले संविधानले कृषि, उद्योग र व्यापारसम्बन्धी कानुन बनाउने अधिकार प्रदेशलाई दिएको उल्लेख गर्दै गाँजाको दुरुपयोग नभई औषधीय तथा औद्योगिक उपयोगलाई नियमन गर्ने उद्देश्यले विधेयक ल्याइएको बताउनु भयो । "विश्व स्वास्थ्य संगठनले समेत गाँजामा औषधीय गुण रहेको स्वीकार गरिसकेको छ । आर्थिक र सामाजिक हितका लागि आवश्यक कानुन बनाउन प्रदेश स्वतन्त्र छ । नेपाल कम्युनिष्ट पार्टीका सांसद हरिबहादुर भण्डारीले जंगली गाँजालाई नियमनमार्फत कानुनी दायरामा ल्याउँदा किसानको आयआर्जन बढ्ने, आर्थिक लाभ हुने तथा बाँदर नियन्त्रणजस्ता समस्यामा समेत सहयोग पुग्ने दाबी गर्नुभयो । उनले अन्तर्राष्ट्रिय अभ्याससमेत यस्तो व्यवस्थाको पक्षमा रहेको उल्लेख गर्दै आवश्यक परे कानुनी व्याख्याका लागि अदालत जान सकिने बताउनु भयो ।

राप्रपाकी सांसद बिन्दु पौडेलले विधेयक पुनः पारित गर्नु प्रदेश सभाको संवैधानिक दायित्व भएको बताउँदै यो हतारमा ल्याइएको दस्तावेज नभई लामो अध्ययन र छलफलपछि तयार गरिएको कानुन भएको धारणा राखिन् । सांसद फणिन्द्र देवकोटाले प्रदेशको नीति निर्माण गर्ने अधिकारमाथि प्रश्न उठाउने प्रयास भएको टिप्पणी गर्दै कानुन बाझिए वा नबाझिएको अन्तिम व्याख्या गर्ने अधिकार अदालतलाई रहेको बताउनु भयो । जवाफमा उद्योग तथा पर्यटन मन्त्री रिमालले संविधानको धारा ३०४(१) अनुसार प्रदेशको एकल अधिकारसँग बाझिने संघीय कानुन तोकिएको अवधिपछि स्वतः निष्क्रिय हुने संवैधानिक व्यवस्था रहेको उल्लेख गर्दै प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्र रहेर कानुन बनाएको स्पष्ट पार्नुभयो । यो विधेयक गत असार २५ गते प्रदेश सभाबाट सर्वसम्मत रूपमा पारित भएको थियो। असार ३० गते सभामुख कृष्णप्रसाद धितालले प्रमाणीकरणका लागि प्रदेश प्रमुखसमक्ष पेश गर्नु भएको थियो । तर प्रदेश प्रमुख भट्टले संविधानको धारा ५७(६), संघ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ तथा लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को व्यवस्थालाई आधार बनाउँदै संघीय कानुनसँग बाझिएको उल्लेख गरी विधेयक पुनर्विचारका लागि फिर्ता गर्नु भएको थियो ।

प्रदेश प्रमुखले विशेषतः लागुऔषध (नियन्त्रण) ऐन, २०३३ ले गाँजा तथा औषधोपयोगी गाँजालाई लागुऔषधको रूपमा परिभाषित गर्नुका साथै गाँजाको खेती, उत्पादन, बिक्री, ओसारपसार तथा सञ्चयलाई निषेध गरेको व्यवस्था औँल्याउनु भएको थियो । साथै प्रदेशले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने, संघ तथा स्थानीय तहको अधिकार अतिक्रमण नगर्ने र कार्यान्वयनमा दोहोरोपन नआउने विषयमा समेत ध्यान दिनुपर्ने सन्देश उहाँको थियो ।

## धार्मिक तथा सामाजिक सद्भाव कायम राख्ने सर्वपक्षीय प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन

कास्कीमा धार्मिक तथा सामाजिक सद्भाव कायम राख्न सबै पक्षले सक्रिय भूमिका निर्वाह गर्ने भएका छन् ।

जिल्ला प्रशासन कार्यालय कास्कीले शुक्रबार पोखरामा आयोजना गरेको धार्मिक तथा सामाजिक सद्भाव सुदृढ बनाउन सर्वपक्षीय समन्वय बैठकमा सरोकारवाला निकायले कास्कीमा धार्मिक तथा सामाजिक सद्भाव कायम राख्न सबै पक्षले सक्रिय भूमिका निर्वाह गर्ने प्रतिवद्धत्ता जनाएका हुन् । कास्कीमा धार्मिक तथा सामाजिक सद्भाव कायम राख्न सर्वपक्षीय बैठकबाट चारबुँदे निर्णय गरिएको छ । कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङको अध्यक्षतामा शुक्रबार सम्पन्न बैठकले पछिल्ला दिनमा तराई-मधेश क्षेत्रमा देखिएको धार्मिक तथा साम्प्रदायिक तनावको प्रभाव कास्कीमा समेत पर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै जिल्लामा शान्ति, सुरक्षा, धार्मिक सहिष्णुता तथा सामाजिक एकता कायम राख्न सबै पक्षले सक्रिय भूमिका निर्वाह गर्ने निर्णय गरेको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बराललले बताउनु भयो । बैठकले ऐतिहासिक कालदेखि नेपाली समाजमा कायम रहेको जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा क्षेत्रीय एकता र सामाजिक सद्भावलाई कमजोर बनाउने कुनै पनि गतिविधिप्रति सबै पक्ष सजग रहने तथा त्यस्ता गतिविधिमा संलग्न नहुने प्रतिबद्धता जनाएको छ । यस्ता अवाञ्छित गतिविधिमा संलग्न जो-कोहीलाई कानुनी दायरामा ल्याउन स्थानीय प्रशासनलाई आवश्यक सहयोग गर्ने सहमति पनि गराएको निर्णय सार्वजनिक गर्दै प्रशासनले सार्वजनिक स्थानमा सभा, जुलुस, प्रदर्शन वा अन्य कुनै कार्यक्रम आयोजना गर्नुअघि स्थानीय प्रशासनबाट अनिवार्य रूपमा पूर्वस्वीकृति लिएर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिने निर्णय गरेको प्रजिअ बराललले बताउनु भयो । त्यसैगरी विभिन्न धार्मिक अगुवा तथा धर्मगुरूहरूले आ-आफ्ना धर्म र संस्कृतिसँग सम्बन्धित कार्यक्रम तथा समारोहमा धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र आपसी एकताको सन्देश प्रवाह गर्ने प्रवचन तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय बैठकले गरेको छ । बैठकले जिल्लाका राजनीतिक दल, स्थानीय तह, धार्मिक सङ्घसंस्था, नागरिक समाज, सामाजिक अभियन्ता तथा सर्वसाधारणलाई सामाजिक सद्भाव, शान्ति र सुरक्षा कायम राख्न प्रशासनसँग समन्वय र सहकार्य गर्न आग्रह गरेको छ । सहभागीहरूले धार्मिक तथा सामाजिक सद्भाव कायम राख्दै मानवताको पक्षमा सबै एकजुट हुनुपर्नेमा जोड दिनुभएको छ । सर्वपक्षीय समन्वय बैठकमा राजनीतिक दलका प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि, जिल्ला सुरक्षा समितिका पदाधिकारी, विभिन्न सरकारी तथा गैरसरकारी निकाय, नागरिक समाज, पोखरा उद्योग वाणिज्य सङ्घ, पर्यटन व्यवसायी तथा विभिन्न धार्मिक सङ्घसंस्थाका प्रमुख एवं प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## कांग्रेसले सामाजिक सद्भावका लागि संवाद गर्ने

**रासस**
काठमाडौं, १५ साउन

नेपाली कांग्रेसले सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र एकताका लागि सम्बन्धित तहमा विभिन्न दल, सामाजिक संस्था, सरकार र अन्य पक्षसँगसमेत संवाद गर्ने जनाएको छ ।

सुनसरीको कप्तानगञ्जको घटना र सोपश्चात् तराईका विभिन्न जिल्लामा उत्पन्न तनावपूर्ण परिस्थितिका सन्दर्भमा कांग्रेस केन्द्रीय कार्यसमितिको आज बसेको आकस्मिक बैठकले पार्टीका सबै तहका समितिले वडातहसम्म नै सो पहल गर्ने निर्णय गरेको हो । बैठकले सुनसरीलगायत पछिल्ला

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## सरकारले प्रदेशको अधिकार उच्च प्राथमिकतामा राखेको छ: प्रधानमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन

प्रधानमन्त्री वालेन्द्र शाहले आफ्नो नेतृत्वको सरकारले प्रदेशहरूको सशक्तीकरण र अधिकारसम्पन्नतालाई उच्च प्राथमिकतामा राखेको बताउनुभएको छ ।

तराई-मधेसमा पछिल्लो समय उत्पन्न परिस्थितिबारे विमर्श गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आयोजित उच्चस्तरीय बैठकमा प्रधानमन्त्री शाहले संविधानको पूर्ण र प्रभावकारी कार्यान्वयनबाट मात्रै सबै प्रदेशहरू पूर्ण रूपमा सशक्त बन्ने यथार्थ औँल्याउनुभयो ।

संविधान जारी भएपछि सङ्घीयताको अभ्यास निरन्तर भइरहेको उल्लेख गर्दै उहाँले प्रदेशहरूलाई केन्द्रबाट आफ्ना अधिकार सुम्पन र स्थानीय तहसम्म अधिकारको सहज प्रत्यायोजन गरी सक्षम बनाउन वर्तमान सरकार पूर्ण प्रतिबद्धताका साथ क्रियाशील रहेको प्रष्ट पार्नुभयो ।

प्रधानमन्त्री शाहले सरकारद्वारा प्रस्तुत बजेट पूर्ण रूपमा समावेशी रहेको र यसले देशका सबै भौगोलिक क्षेत्र, समुदाय तथा सीमान्तकृत वर्गको हितलाई समेट्ने उद्देश्य राखेको बताउनुभयो ।

प्रधानमन्त्रीको सर्वोच्च पदमा रहेर आफूले सम्पूर्ण नेपाली नागरिकलाई सधैँ समान दृष्टिले हेर्ने र प्रधानमन्त्री कार्यालय देशका प्रत्येक नागरिकप्रति समान रूपमा उत्तरदायी रहने उहाँले प्रतिबद्धता जनाउनुभयो । वर्तमान संवेदनशील परिस्थितिमा देशको संविधानले अङ्गीकार गरेका आधारभूत मूल्यहरू, लोकतान्त्रिक प्रणाली, विधिको शासन तथा राष्ट्रिय एकतामाथि कुनै प्रकारको सम्झौता हुन नसक्ने प्रधानमन्त्री शाहले उल्लेख गर्नुभयो ।

'संविधान बलियो भएमात्रै सम्पूर्ण नेपालीको भविष्य बलियो हुन्छ' भन्ने राष्ट्रिय सङ्कल्प व्यक्त गर्दै प्रधानमन्त्री शाहले सबै राजनीतिक दल, सामाजिक तथा धार्मिक नेतृत्व एवं आमनागरिकलाई संयमता, संवाद र अटुट राष्ट्रिय एकताको पक्षमा दृढतापूर्वक उभिन आह्वान गर्नुभयो ।

बैठकमा तराई-मधेसका महन्थ ठाकुर, राजेन्द्र महतो, उपेन्द्र यादव, लालबाबु राउत, रामकुमार शर्मा, समिम मियाँ अन्सारी, प्रभु साह, अमरेशकुमार सिंह, शरतसिंह भण्डारी, डा सीके राउतलगायत नेताहरूको सहभागिता थियो ।

बैठकमा उहाँहरूले तराई-मधेस क्षेत्रका विविध समसामयिक समस्या, सुरक्षा चुनौती, सुशासनको प्रत्याभूति र सङ्घीयताको मजबुतीका सम्बन्धमा आफ्ना माग, विश्लेषण तथा सुझावहरू प्रस्तुत गर्नुभएको थियो ।


## सामाजिक एकता र सद्भाव कायम राख्न कास्कीका दलको अपिल

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन

कास्कीमा क्रियाशील प्रमुख राजनीतिक दलहरूले धार्मिक, सामाजिक, सांस्कृतिक एकता र सहिष्णुता कायम राख्ने प्रतिबद्धता जनाएका छन् । उनीहरूले सामाजिक सद्भाव र एकता बिथोलिने खालका कुनै पनि गतिविधिमा संलग्न नहुन सम्बद्ध सबैमा आग्रह गरेका हुन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का जिल्ला सभापति यदुनाथ अधिकारी, नेपाली कांग्रेसका सभापति किशोरदत्त बराल, नेपाल कम्युनिष्ट पार्टी (एमाले) सचिवालय सदस्य झपट रानाभाट, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का नेता डिबी राई र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का जिल्ला अध्यक्ष नारायण गुरूङद्वारा शुक्रबार संयुक्त रूपमा जारी अपिलमा सामाजिक सञ्जालमार्फत भ्रामक सूचना, अफवाह तथा समुदायबीच द्वेष फैलाउने गतिविधिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।

सामाजिक सञ्जालमा भ्रम फैलाउने, कुनै धर्म, संस्कृति वा समुदायविरुद्ध घृणा फैलाउने अभिव्यक्ति र गतिविधिले सामाजिक सद्भाव खलबल्याउन सक्ने भन्दै त्यस्ता कार्य नगर्न/नगराउन सबैमा आग्रह गरिएको छ । दलहरूले आपसी सद्भाव, एकता र भातृत्व कायम राख्न सबै राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, धार्मिक गुरूहरू, युवा वर्गलगायतलाई अनुरोध गरेका छन् ।



# जनप्रिय बहुमुखी क्याम्पसमा नवआगन्तुक विद्यार्थीको स्वागत तथा प्रतिभा सम्मान

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन

जनप्रिय बहुमुखी क्याम्पस, पोखराले शैक्षिक सत्र २०८३ का नवआगन्तुक विद्यार्थीहरूको स्वागतार्थ विशेष कार्यक्रम आयोजना गरेको छ।

कक्षा १२मा अध्ययनरत विद्यार्थीहरूको आयोजनामा सम्पन्न कार्यक्रममा नवा आगन्तुक विद्यार्थीहरूलाई खादा, माला तथा मायाको चिनो प्रदान गरी स्वागत गरिएको थियो। साथै नयाँ कक्षा मोनिटरहरूलाई ब्याच वितरण गरिएको थियो।

प्लस टु कार्यक्रम संयोजक मदनराज जैसीको सभापतित्वमा सञ्चालित कार्यक्रम जनप्रिय क्याम्पस सञ्चालक समितिका अध्यक्ष राजेन्द्र पहारीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा क्याम्पस प्रमुख कृष्णबाबु बराल, प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रममा प्रमुख अतिथि तथा सञ्चालक समितिका अध्यक्ष राजेन्द्र पहारीले जनप्रिय बहुमुखी क्याम्पसले यस क्याम्पसको स्थापनाकालदेखि नै विद्यार्थीको शैक्षिक उन्नयन, गुणस्तरीय शिक्षा



र व्यक्तित्व विकासमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको बताए। उनले आजको आवश्यकता अनुरूप क्याम्पसमा रेडक्रस सर्कल गठन गरी सामाजिक सेवाका गतिविधि विस्तार गर्नुपर्नेमा जोड दिए। साथै खेलकुद, सिर्जनात्मक तथा रचनात्मक कार्यक्रमलाई निरन्तर सञ्चालन गर्दै विद्यार्थीहरूको चौतर्फी विकासका लागि क्याम्पस अझ सक्रिय रहने विश्वास व्यक्त गरे।त्यसैगरी क्याम्पस प्रमुख कृष्णबाबु बरालले जनप्रिय बहुमुखी क्याम्पसको शैक्षिक उपलब्धि, गुणस्तरीय शिक्षाप्रतिको प्रतिबद्धता तथा विद्यार्थीमैत्री वातावरणबारे जानकारी गराउँदै जनप्रिय रोजेर अध्ययनका लागि आएकोमा नवआगन्तुक विद्यार्थीहरूलाई हार्दिक बधाई दिए। उनले विद्यार्थीहरूको हरेक शैक्षिक गतिविधिमा क्याम्पस सधैं साथ रहने, अध्ययनका क्रममा आइपर्ने समस्या समाधान गर्न तत्पर रहने तथा विद्यार्थीका सपना साकार पार्न आवश्यक सहयोग र अवसर उपलब्ध गराउन निरन्तर लागिपर्ने प्रतिबद्धता व्यक्त गर्दै अनुशासित भएर अध्ययन गर्न जोड दिए। कार्यक्रममा कक्षा १२ की विद्यार्थी दीपिका अर्यालले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन। कार्यक्रममा प्रतीक्षा नेपाली, आस्मा अधिकारी, खुशी गोदार र समीक्षा सुनारले एकल नृत्य प्रस्तुत गरेका थिए भने सपना क्षेत्री र मन्दीप पोखरेलसहितको टोलीले नेवारी सांस्कृतिक समूह नृत्य र अन्य विभिन्न समूहले विविध सांस्कृतिक कार्यक्रम र नृत्य प्रस्तुत गरी कार्यक्रमलाई आकर्षक बनाएका थिए। यस अवसरमा टियारा इन्टरटेनमेन्ट द्वारा आयोजित टीन फेस अफ पोखरा २०२६/२०२७ प्रतियोगितामा प्रथम र द्वितीय स्थान हासिल गर्न सफल जनप्रिय बहुमुखी क्याम्पसका विद्यार्थी विशाखा गिरी र पुजना थापालाई क्याम्पसका तर्फबाट सम्मान गरिएको थियो। कार्यक्रम विद्यार्थी हित शाखाका प्रमुख वेदहरी तिमिल्सिनाले नवआगन्तुक विद्यार्थीलाई स्वागत गर्दै अनुशासन, सकारात्मक सोच, गुणस्तरीय शिक्षा र वर्तमान अवस्थामा विद्यार्थी शैक्षिक एवं प्रविधियुक्त जीवनको महत्त्वबारे प्रकाश पारे। अर्थशास्त्र विभाग प्रमुख शिलु चालिसेले विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि क्याम्पस निरन्तर प्रतिबद्ध रहेको बताइन्। विद्यार्थीका तर्फबाट कक्षा ११ विज्ञानकी सुबेक्षा श्रेष्ठले आफ्नो धारणा व्यक्त गरेकी थिइन्।

कार्यक्रम प्लस ट कार्यक्रम संयोजक मदनराज जैसीले सहभागी सबैप्रति धन्यवाद ज्ञापन गर्दै यस्ता कार्यक्रमले नवआगन्तुक विद्यार्थीलाई क्याम्पससँग आत्मीयता जोडिने विश्वास व्यक्त गरे। उनले आगामी दिनमा पनि विद्यार्थीको नेतृत्व विकास र क्षमता अभिवृद्धिका कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे भने कार्यक्रमको सञ्चालन कक्षा १२ का विद्यार्थी मन्दिप पोखेल र प्रतीक्षा पौडेलले संयुक्त रूपमा गरेका थिए।

# कालिकालाई चढाइयो खिर

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन

शुक्रबार साउन १५ अर्थात् खिर दिवस। यस दिन घरघरमा खिर खाने परम्परा छ। बागलुङस्थित प्रसिद्ध शक्तिपीठ कालिका भगवती मन्दिरमा पनि शुक्रबार खिर चढाइयो। कालिका भगवती देवीलाई साउन महिनामा खिर चढाउने चलन छ।

खिर चढाउने तिथि यस वर्ष साउन १५ मा परेको मन्दिर गुठी समितिका अध्यक्ष भूपेन्द्र खड्काले बताउनुभयो। बिहान ७ बजेर ३६ मिनेटको साइतमा देवीलाई खिर चढाइएको उहाँको भनाइ छ। मूल पूजारी जयबहादुर खड्काले विधिवत् पूजाआजा गरेपछि देवी भगवतीलाई खिर चढाइएको थियो। शक्तिस्वरुपा कालिका भगवतीलाई खिर चढाएपछि मात्र अन्य पाहुना र भक्तजनलाई प्रसादका रुपमा खिर खुवाउने गरिएको अध्यक्ष खड्काले बताउनुभयो। पूर्वजहरुका पालादेखि नै मन्दिरमा खिर चढाउने चलन सुरु भएको उहाँको भनाइ छ। पहिलेपहिले कालिका भगवती देवीलाई खिर चढाएपछि मात्र बल्ल घरघरमा खिर पकाएर खाने चलन थियो।

मन्दिर परिसरमा रहेको सालको पातबाट बनेका नयाँ टपरी र दुनामा राखेर विधिपूर्वक पूजाआजा गरेपछि बल्ल देवीलाई खिर चढाउने गरिन्छ। यस मन्दिरमा वर्षको अरु कुनै पनि दिनमा खिर नचढ्ने मूल पूजारी जयबहादुर खड्काले बताउनुभयो। देवीलाई चढाउने खिर अलग्गै पकाउने गरिएको उहाँको भनाइ छ। नवदुर्गा, महालक्ष्मी, महाकाली, महासरस्वती, चण्डिका र गणेशलाई चढाएपछि मन्दिरमा आएका भक्तजनलाई प्रसादीका रुपमा खिर खुवाउने गरिन्छ। पछिल्लो समय सरकारी तथा गैरसरकारी क्षेत्रका विशिष्ट पाहुनालाईसमेत बोलाएर खिर खुवाउने गरिएको छ। कालिका देवीलाई खिर खुवाउने चलन यस क्षेत्रकै मौलिक संस्कृतिका रुपमा जीवित रहेको अध्यक्ष खड्काले बताउनुभयो। विसं १५९१ मा मन्दिर स्थापना भएदेखि नै साउन महिनामा देवीलाई खिर चढाएर मात्र घरघरमा खिर फुक्ने गरेको यहाँका पाकापुराना बताउँछन्। सोही परम्परालाई पछिल्लो पुस्ताले पनि धान्दै आएको हो। पहिले घरघरबाट दूध ल्याएर मन्दिर परिसरमै खिर पकाउने चलन रहेपनि अहिले भैँसी पाल्ने चलन हटेपछि बजारबाट दूध किन्ने गरिएको छ।

दूधलगायत सबै सरसामानको जोहो गरेर समितिले नै खिर खुवाउने कार्यक्रमको प्रबन्ध गर्ने गर्छ। झण्डै पाँच सय वर्षअघि स्थापना भएको कालिका भगवती मन्दिर देशमै प्रख्यात शक्तिपीठमा गनिन्छ। तत्कालीन पर्वते राजा प्रतापीनारायण मल्लले पाल्पाका राजा मणिमुकुन्द सेनकी छोरी विश्ववादेवीसँग विवाह गर्दा देवीलाई दाइजो स्वरुप ल्याएको इतिहासमा उल्लेख छ।

देवीको मूर्तिसहितको डोली अरु कसैले उचाल्न नसकेपछि बागलुङबाट शिकारीको भेषमा गएका चक्र पूँवार खड्काले खड्ग समातेको र यहीँबाट गएका लमगाउँका मगरले डोली बोकेर ल्याएको बताइन्छ। डोली ल्याउने क्रममा बागलुङ नगरपालिका-१ स्थित जङ्गलमा बिसाइएको र पुनः डोली उठाउन खोज्दा नसकेपछि त्यहीँ देवीलाई प्रतिस्थापन गरिएको किम्बदन्ती छ। कालिका देवीको पूजाआजा र भाकल गर्नाले मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ। बर्सेनि बडादसैं र चैतेदसैंमा यहाँ ठूलो मेला लाग्ने गर्छ।

# वालिङ नगरपालिकाले जडिबुटी खेती प्रवर्द्धन गर्दै

पोखरापत्र संवाददाता
स्याङ्जा, १५ साउन

खाली र बाँझो जग्गा सदुपयोग गर्दै जडिबुटी खेतीमार्फत आयआर्जनका अवसर सिर्जना गर्ने उद्देश्यले वालिङ नगरपालिकाले जडिबुटी खेती प्रवर्द्धनात्मक अभियान शुरु गरेको छ।

वालिङ नगरपालिका-८ कुमस्वाँरा क्षेत्रमा एकमुष्ठ एक हजार वटा तुलसीसँगै विभिन्न बहुमूल्य प्रजातिका जडिबुटी तथा वनस्पतिका बिरुवा रोपण गर्दै अभियान शुरु गरिएको हो। कुमस्वाँरा क्षेत्र आचार्य बालकृष्णको जन्मस्थलसमेत भएकाले उक्त क्षेत्रलाई जडिबुटीको उत्पादन र प्रवर्द्धनमार्फत विशेष पहिचान स्थापित गर्ने नगरपालिकाको योजना रहेको छ। बालकृष्णको जन्मभूमिको प्रचारप्रसारसँगै भारतीय कम्पनी पतञ्जलीसँगको सहकार्यमा स्वरोजगारमुलक र



आयआर्यजनमुखी जडिबुटी खेती विस्तार गर्ने उद्देश्यले अभियान थालिएको वालिङ नगरपालिकाका नगरउपप्रमुख कविता गैह्रेले बताइन्।

नगरपालिकाले जडिबुटी उत्पादनका लागि झण्डै १५० रोपनी जग्गा १५ वर्षका लागि वार्षिक दुई लाख रुपैयाँ तिर्ने गरी भाडामा लिएको छ। सार्वजनिक र व्यक्तिगत बाँझो जग्गालाई व्यवस्थित रूपमा उपयोग गर्ने योजना बनाइएको छ। तुलसीलगायत मूल्यवान प्रजातिका जडिबुटी रोपण गरी बोटानिकल गार्डेन तथा अनुसन्धान केन्द्रका रूपमा विकास गर्ने नगरपालिकाले लक्ष्य राखेको छ। कुमस्वाँरामा पहिलो चरणमा तुलसीसँगै सिउलीघान तथा घेराबार क्षेत्रमा काउछो, घोलटाप्रे लगायतका विभिन्न प्रजातिका जडिबुटी रोपण गरिएको नगरपालिकाले जनाएको छ। नगरपालिकाभित्र उपलब्ध जडिबुटी तथा वनस्पतिको पहिचान खुल्ने गरी व्यवस्थापन गर्दै लैजाने तयारी छ। नगरपालिकाले आफ्नै जडिबुटी नर्सरी तयार पारेको छ भने बहुमूल्य बिरुवा स्वरोजगार र आयआर्जनमा केन्द्रित हुन सर्वसाधारणले समेत लैजान सक्ने व्यवस्था गरेको छ। जडिबुटीको उत्पादन र बिक्रीवितरणका लागि नगरपालिकाले सहजीकरण गर्दै निजी तथा सार्वजनिक बाँझो जग्गालाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न सकिने अपेक्षा गरिएको छ। उत्पादित जडिबुटी खरिद गर्ने तथा आवश्यक सहयोग उपलब्ध गराउने विषयमा पतञ्जलीसँग समन्वय र सहकार्यको समझदारीसमेत बनिसकेको नगरपालिकाले जानकारी दिएको छ। जडिबुटी खेतीमा संलग्न कृषकलाई बजारको सुनिश्चित गरिएको छ। अभियानअन्तर्गत वालिङका झण्डै दुई सय परिवार कृषक प्रत्यक्ष लाभान्वित हुने अनुमान गरिएको छ। स्थानीय जनप्रतिनिधि, पतञ्जली योग समिति, कुमस्वाँरास्थित गह्रौंकालिका आमा समूह र स्थानीयले बाँझो जग्गा र आसपासका वन क्षेत्रको सदुपयोगबाट निर्यातमुखी जडिबुटी खेती गर्ने संकल्प गरेका छन्।

जडिबुटीको व्यवसायिक उत्पादनले व्यापारसँगै रोजगारी सिर्जना गर्ने छ। प्राकृतिक श्रोत र साधनको पहिचान नहुँदा नसक्दा मूल्यवान वस्तु त्यत्तिकै खेरा गएको वालिङका नगरप्रमुख कृष्ण खाँणले बताए। प्राकृतिक रुपमा उपलब्ध श्रोतको पहिचान र व्यवसायिक जडिबटी खेतीले आयआर्जनमा महत्वपूर्ण टेवा पुऱ्याउने आधारमा अभियान संचालन गरिएको उनले बताए। औषधीय गुणसमेत भएको तुलसीलगाएतका जडिबुटी हरिशयनी एकादशीको अवसर पारेर रोपण गर्दै अभियान शुरु गरिएको हो। प्राकृतिक जडिबुटीको संरक्षण र प्रवर्द्धनसँगै खाली तथा बाँझो जग्गाको सदुपयोगबाट स्थानीयस्तरमै स्वरोजगार र आयआर्जनका अवसर सिर्जना हुनेमा नगरपालिले विश्वास जनाएको छ।


## जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड


# नवनियुक्त प्रमुख निर्वाचन आयुक्त र आयुक्तद्वारा पदबहाली

पोखरापत्र संवाददाता
पोखरा, १ साउन

नवनियुक्त प्रमुख निर्वाचन आयुक्त मानवबहादुर कार्की तथा आयुक्तद्वय गुरुप्रसाद वाग्ले र डा राजीव सुब्बाले शुक्रबार निर्वाचन आयोगमा पदबहाली गर्नुभएको छ।

पदबहालीपछि बसेको आयोगको बैठकले हाल सङ्घीय संसद्मा पेस हुने क्रममा रहेको एकीकृत निर्वाचन व्यवस्थापन विधेयकअनुसार एकीकृत निर्वाचन व्यवस्थापन नियमावलीको मस्यौदा तयार गर्ने निर्णय गरेको छ। साथै निर्वाचनमा नागरिकको अपेक्षाबमोजिम आधुनिक सूचना प्रविधिको प्रयोगसम्बन्धी अवधारणापत्र तयार गर्ने, मतदाता नामावलीलाई त्रुटिरहित, अद्यावधिक र विश्वसनीय बनाउन विशेष कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

# शेखरले एसियाली आइटीएफमा खेल्ने

रासस
काठमाडौं, १५ साउन

शेखर थापाले ११औं एसियाली आइटिएफ तेक्वान्दो च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्ने भएका छन्। दुई स्पर्धामा उनले पुरुष ६५-७० केजी तौल समूह र चौथो डान प्याटर्नमा नेपालको चुनौती पेस गर्ने छन्।

मङ्गोलियाको उलानबाटारमा अगष्ट ३ देखि ९ तारिखसम्म हुने प्रतियोगितामा सहभागी हुन शेखरसहित ती सदस्यीय टोली आइतबार त्यसतर्फ प्रस्थान गर्नेछ।

अफिसियलका रूपमा नेपाल अन्तरराष्ट्रिय तेक्वान्दो महासङ्घ (आइटिएफ) का अध्यक्ष प्रवीणकुमार कार्की र महासचिव घमबहादुर थापा सहभागी हुनेछन्। दुवैले प्रतियोगिता दौरान हुने कोंग्रेस र अम्पायर कोर्षमा पनि सहभागिता जनाउने छन्।

महासचिव थापा भने स्वास्थ्यका कारण बिदाइमा उपस्थित थिएनन्। टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रामचरित्र मेहताले आज यहाँ आयोजित एक कार्यक्रमबीच बिदाइ गरेका हुन्।

## कांग्रेसले ...

दुःखद् घटनामा ज्यान गुमाउनुभएका नागरिकहरूप्रति श्रद्धाञ्जली अर्पण, शोकसन्तप्त परिवारजनमा समवेदना तथा घाइते भएका सम्पूर्ण नागरिक तथा सुरक्षाकर्मीहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ।

बैठकले घटनाको सत्यतथ्य छानबिन गर्ने सन्दर्भमा तत्काल निष्पक्ष, स्वतन्त्र र विश्वासयोग्य छानबिनका लागि उच्चस्तरीय न्यायिक छानबिन समिति गठन गर्नुपर्ने माग गरेको छ। साथै कांग्रेसले न्यायिक छानबिन समिति गठन, गर्न घाइते भएकाको निःशुल्क उपचार, समुचित व्यवस्थापन, तोडफोड र आगजनी भएका धनसम्पत्तिको क्षतिपूर्ति दिलाउने कुरामा सरकारलाई निरन्तर प्रश्न र खबरदारी गर्नुपर्ने जनाएको छ।

कांग्रेसका लागि यस सङ्कटपूर्ण र संवेदनशील घडीमा नागरिक सुरक्षा, सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र राष्ट्रिय एकता नै पहिलो प्राथमिकता भएको उल्लेख गर्दै यसको जिम्मेवारपूर्वक पहलकदमी लिने जनाएको छ। कांग्रेसको नेतृत्व रहेको मधेस प्रदेश सरकार र स्थानीय सरकार तथा जनप्रतिनिधिले नागरिकको सुरक्षा तथा सामाजिक सद्भाव, सहिष्णुता, घाइते परिवारलाई आवश्यक सहयोग पुऱ्याउन तथा सामाजिक सद्भाव अभियानका लागि विशेष अग्रसरता लिने निर्णय गरेको छ। प्रदेश, जिल्ला र स्थानीय सबै तहका समितिले तत्तत् तहमा युवासँग छलफल र संवाद गर्ने, सम्बन्धित जिल्लाबाट प्रतिनिधित्व गर्ने सङ्घीय सांसद, प्रदेशसभा सदस्य, कांग्रेसका केन्द्रीय पदाधिकारी एवं सदस्य तथा तहगत कार्यसमितिका सबैले आआफ्नो जिल्लामा उपस्थित भई समुदायसँग संवाद गर्ने, घाइतेसँग र परिवारसँग भेट्ने, सामाजिक सद्भावका लागि पहलकदमी लिने कांग्रेसको निर्णय छ। पार्टीको कोही पनि सदस्यहरूलाई घटनासँग जोडिएका कुनै पनि संवेदनशील विषयमा तत्काल प्रतिक्रियात्मक नभई सत्यतथ्य बुझेर मात्र धारणा बनाउन कुनै पनि मिथ्या सूचना, अफवाह वा उत्तेजनामा नलाग्न तथा हिंसा, उत्तेजना फैलाउने वा त्यस्ता कार्यलाई प्रोत्साहन हुने कुनै पनि कार्य नगर्ने र गर्न नदिने बैठकको निर्णय छ। साथै पार्टीको कुनै पनि तह र तप्कामा जिम्मेवारीमा रहेको व्यक्ति वा सदस्य हिंसामा सरिक भएको वा सामाजिक सद्भाव र सहिष्णुता खल्बलाउने कार्यमा सहभागी भएमा त्यो कार्य पार्टीका लागि अस्वीकार्य हुने र विधानबमोजिम कारबाही हुने कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिनुभयो।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# स्याङ्जामा ९० प्रतिशत क्षेत्रफलमा रोपाइँ

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १५ साउन



स्याङ्जामा साउनको दोस्रो हप्तासम्ममा ९० प्रतिशत क्षेत्रफलमा धान रोपाइँ सकिएको छ। जिल्लाको उत्तरी भेगको अधिकांश क्षेत्रमा रोपाइँ सकिएपनि दक्षिण-पश्चिमी क्षेत्रका केही फाँटहरुमा भने अझै रोपाइँ जारी रहेको छ।

जिल्लामा धान रोपाइँ हुने अनुमानित १३ हजार ६८५ हेक्टर क्षेत्रफलमध्ये १२ हजार ३१५ हेक्टरमा रोपाइँ सकिएको कृषि विकास कार्यालय स्याङ्जाले जनाएको छ।

जिल्लाको उत्तरी भेगमा असारभित्रै रोपाइँ सकिएको छ भने दक्षिण-पश्चिमी क्षेत्रमा साउनको मध्येसम्म रोपाइँ गरिने हुँदा केही क्षेत्रफलमा रोपाइँ बाँकी रहेको कार्यालयले जनाएको छ । उत्तरी भेगका फेदीखोला, पुतलीबजार, आँधीखोला र अर्जुनचौपारी, भीरकोटका धान उत्पादन हुने क्षेत्रमा करिब रोपाइँ सकिएको छ । कालीगण्डकी नदी आसपास चापाकोट टार र गल्याङ, जिमुवा, र्मिमि, बिर्घा, ज्याग्दीखोला तथा आँधीखोला किनार क्षेत्रका किसान रोपाइँमा व्यस्त रहेका छन् । कृषि प्राविधिकबाट प्राप्त विवरणका आधारमा जिल्लाभर औसतमा १० प्रतिशत क्षेत्रमा रोपाइँ गर्न बाँकी रहेको कार्यालयले जनाएको छ । मौसम अनुकूल रहेकाले बाँकी क्षेत्रको रोपाइँ केही दिनभित्रै सकिने कार्यालयले जनाएको छ।

यस वर्ष नियमित वर्षा भएसँगै अधिकांश धानखेत क्षेत्रमा सिँचाइको समस्या नभएको कार्यालयका कृषि अधिकृत नारायण पाठकले जानकारी दिए । जिल्लाको चापाकोट टार, साँखर, जिमुहा, पकान, डौँवा, सातुपसल, लामागे, ठुलीबेशी, बिरुवा तथा आँधीखोला, ज्याग्दीखोला र दरौँखोला आसपासका क्षेत्र प्रमुख धान उत्पादन पकेट मानिन्छन् ।

जिल्लामा पछिल्ला वर्षहरूमा उन्नत जातको धानप्रति किसानको आकर्षण बढ्दै गएको छ । पछिल्लो समय रामधान, सावित्री, सुनौलो सुगन्ध, सामा मन्सुलीलगायत उन्नत जातका धान लागउने गरिएको छ । च्याम्पियनजस्ता हाइब्रिड धानको खेती विस्तार हुँदै गएपनि रैथाने अनदी, काला, नमक जातका धान लगाउने गरिएको कार्यालयले जनाएको छ । उता बढ्दो सहरीकरण, सडक विस्तार र घरघडेरी निर्माणका कारण खेतीयोग्य जमिन वर्षेनी घट्दै गएको कार्यालयले जनाएको छ। त्यसको प्रत्यक्ष असर धान रोपाइँ हुने क्षेत्रफलमा परेको छ भने वर्षेनी धान खेती हुने जमिन क्रमशः खुम्चिँदै गएको जनाइएको छ । धानखेती हुने क्षेत्रफल घट्दै जानु समयमै रासायनिक मल नपाउँदा उत्पादन र उत्पादकत्वमा ह्रास आउँदै गएको छ।

**भर्खरै रोपेको धानमा खपटे किराको प्रकोप**

स्याङ्जाको सदरमुकामस्थित पुतलीबजार नगरपालिकाभित्र भर्खरै रोपेको धान खेतमा खपटे किराको प्रकोप देखिएको छ । नगरपालिकाको कृषि विकास शाखाबाट गरिएको अनुगमनका क्रममा धान खेतमा काँडेदार खपटे किराको प्रकोप देखिएको हो ।

भर्खर रोपेको धानको पातहरु सुकेको देखिएसँगै किसानले प्राविधिकलाई गुहारेपछि गरिएको अनुगमनमा प्रकोप भेटिएको छ । खपटे किराको लार्भा र वयस्क दुवैले धानको पातको हरियो भाग कोतरेर खाने, सेता धर्साहरू बनाउने र पात सुकाएर बिरुवाको वृद्धिमा रोकावट ल्याउने गरेको प्राविधिले बताएका छन् ।

पुतलीबजार नगरपालिका वडा नं.-४, १३ र १४ वडाका विभिन्न स्थानका धानखेतमा खपटे किराको प्रकोप फैलिएको नगरपालिकाका कृषि अधिकृत सुष्मा पनेरुले जानकारी दिइन् । किराको प्रकोपबाट बचाउन धान खेतको नियमित निरीक्षण, खेत र वरपरका झारपातहरू पूर्ण रूपमा हटाउन, खपटे किराको समस्या भर्खरै देखिएका खेतहरुमा कीटनाशक औषधी प्रयोग गर्न पनेरुले किसानलाई सुझाएकी छन् ।

# मानव बेचबिखनसम्बन्धी विधेयकलाई समयानुकूल बनाउनुपर्नेमा जोड

**रासस**
काठमाडौं, १५ साउन

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी पहिलो संशोधन विधेयकलाई वर्तमान चुनौती र प्रविधिको विकासअनुसार समयानुकूल बनाउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

महिला, कानुन र विकास मञ्चले बिहीबार विश्व मानव बेचबिखनविरुद्धको दिवसका अवसरमा आयोजना गरेको छलफल कार्यक्रममा पछिल्लो समय मानव बेचबिखन र ठगीका नयाँ स्वरूप देखिएकाले विधेयकले ती विषयलाई समेट्नुपर्ने आवश्यकता औँल्याइएको हो । कार्यक्रममा सहन्यायाधिवक्ता सोमकान्त भण्डारीले मानव बेचबिखनको वर्तमान अवस्था, अपराधमा संलग्नता, प्रभाव, अपराधका प्रकार, कारण, स्वरूप, अभियोजन तथा सुधार गर्नुपर्ने पक्षबारे प्रस्तुति दिनुभएको थियो । तथ्याङ्कअनुसार नेपालबाट हरेक वर्ष करिब ३५ हजार व्यक्ति मानव बेचबिखन तथा मानव तस्करीको जोखिममा पर्ने गरेका छन् । नागरिक ठगी, शोषण र असुरक्षाको जोखिममा रहेको तथा भिजिट भिसा, सामाजिक सञ्जाल र प्रविधिको दुरुपयोग गरी मानव बेचबिखन तथा ओसारपसारका घटना बढिरहेको उल्लेख गरिएको थियो । अधिवक्ता सविन श्रेष्ठले पछिल्लो समय प्रविधिमार्फत हुने मानव बेचबिखनका नयाँ स्वरूपलाई विधेयकले समेट्नुपर्ने बताउनुभयो । उहाँले राष्ट्रियसभाबाट पारित सङ्कल्प प्रस्ताव र सरकारले संसद्मा दर्ता गर्ने तयारी गरेका विधेयकमध्ये मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी संशोधन विधेयक महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो । सामाजिक अभियन्ता अनिल रघुवंशीले गत वर्षमात्रै करिब ३५ हजार नेपाली विभिन्न प्रलोभन, प्रविधिको दुरुपयोग र सङ्गठित ठगीको सिकार भएको बताउनुभयो । उहाँका अनुसार विश्वका ७७ देशबाट यस्ता ठगीका घटना हुने भए पनि दक्षिणपूर्वी एसियाबाट करिब ७४ प्रतिशत घटना हुने गरेका छन् ।

उहाँले सन् २०२१ मा १०१ नेपाली कम्बोडिया पुगेकामा सन् २०२५ मा यो सङ्ख्या नौ हजार ६७६ पुगेको जानकारी दिनुभयो । तीमध्ये ४२२ जनाको उद्धार गरिए पनि थोरै घटनामा मात्र मुद्दा चलेको उहाँले बताउनुभयो । अधिकांश पीडित सूचना प्रविधिसम्बद्ध जनशक्ति रहेको उहाँको भनाइ थियो । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव राजेन्द्रप्रसाद अधिकारीले संशोधन विधेयकले सीमापार हुने अपराधलाई समेत समेट्ने बताउनुभयो । उहाँले अपराधको स्पष्ट परिभाषा, कानुनी व्यवस्था र कानुनी सहायताको एकद्वार प्रणालीलाई विधेयकमा समावेश गरिने जानकारी दिनुभयो । मन्त्रालयले यस वर्षलाई कानुन निर्माणको वर्षका रूपमा अघि बढाएको र १६५ वटा कानुन निर्माण गर्ने लक्ष्य राखेको उहाँले बताउनुभयो । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव वसन्तप्रसाद पन्थीले कानुनमा भइरहेको सुधारलाई सकारात्मक रूपमा लिन आग्रह गर्नुभयो । उहाँले राष्ट्रिय नीतिको कार्यान्वयनसँगै विधेयक संशोधनले मानव बेचबिखन नियन्त्रणमा थप प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । मानव बेचबिखन अनुसन्धान ब्यूरोका प्रहरी उपरीक्षक रेवतीरमण पोखरेलले वर्तमान कानुनलाई अनुसन्धानमैत्री बनाउनुपर्ने बताउनुभयो । स्पष्ट कानुनी व्यवस्था, प्रविधिको प्रयोग र सामाजिक सञ्जालमार्फत हुने अपराधको अनुसन्धानलाई सहज बनाउने प्रावधान आवश्यक रहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा डचेन लामाले मानव बेचबिखनका नयाँ स्वरूप, विशेषगरी डिम्ब तस्करी र स्किन तस्करीजस्ता विषय पनि विधेयकमा समेट्नुपर्ने धारणा राख्नुभयो । सामाजिक अभियन्ता नानीमाया थापाले मानव बेचबिखनलाई केवल यौन शोषणसँग मात्र जोडेर नहेर्न आग्रह गर्दै यसबारे जनचेतना अभिवृद्धिका लागि विद्यालयको पाठ्यक्रममै समावेश गर्नुपर्ने धारणा राख्नुभयो ।

# करदाता प्रोत्साहन उपहार कार्यक्रमलाई सहजीकरण गर्न राष्ट्र बैंकको निर्देशन

**रासस**
काठमाडौं, १५ साउन

नेपाल राष्ट्र बैंकले 'करदाता प्रोत्साहन उपहार कार्यक्रम, २०८३' सञ्चालनका लागि आवश्यक सहजीकरण गर्न भुक्तानीसम्बन्धी कार्य गर्न अनुमति पाएका संस्थालाई आग्रह गरेको छ।

केन्द्रीय बैंकले एक सूचनामार्फत करदाता प्रोत्साहन उपहार कार्यक्रम, २०८३ यही साउन २१ गतेदेखि सञ्चालनमा आउने जानकारी सबै ग्राहकलाई पठाउन भनेको छ । सो कार्यक्रममा सहभागिताका लागि मोबाइल एप अद्यावधिक गर्नुपर्ने भएमा त्यसबारेको सूचना ग्राहकलाई पठाउन अनुरोध गरिएको नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक निश्चल अधिकारीले जानकारी दिनुभयो।

भुक्तानीसम्बन्धी कार्य गर्न अनुमति पाएका संस्थाले मोबाइल एपमा करदाता प्रोत्साहन उपहार कार्यक्रम, २०८३ सम्बन्धी बारम्बार सोधिने प्रश्नहरूको छुट्टै खण्ड समावेश गर्न केन्द्रीय बैंकले अनुरोध गरेको छ । यस्तै, करदाता प्रोत्साहनसम्बन्धी सूचना यही साउन १६ गतेदेखि प्रवाह गर्नसमेत आग्रह गरिएको छ।

**यस्तो छ सरकारको लखपति बनाउने योजना**

सरकारले अब हरेक दिन कर प्रणालीमा आबद्ध नागरिकलाई लखपति बनाउने योजनाअनुसार सो कार्यक्रम अगाडि बढाएको हो । मूल्य अभिवृद्धि कर (भ्याट) र स्थायी लेखा नम्बर (प्यान)मा आबद्ध भएका तथा रु १०० भन्दा बढीको कारोबारमा अनलाइन वा नगद भुक्तानी गरी बिल लिएका नागरिक यो योजनामा सरिक हुन पाउनेछन् । त्यसका लागि रु १०० भन्दा बढीको सामान किन्दा वा होटल र रेस्टुरेन्टमा भुक्तानी गर्दा सक्कली बिल लिनुपर्नेछ । हाललाई हरेक महिनाको १ गते र १६ गते विजेता उपभोक्ता छनोट गरिनेछ । अर्थ मन्त्रालयले 'करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन कार्यविधि, २०८३' नै कार्यान्वयनमा ल्याइसकेको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले दिएको अधिकार प्रयोग गरी अर्थ मन्त्रालयले उक्त कार्यविधि बनाएको हो। करदाता प्रोत्साहन उपहार कार्यक्रमलाई सरल, सहज, व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालनका लागि कार्यविधिमा विशेष व्यवस्था गरिएको छ । वस्तु तथा सेवा खरिद बिक्रीमा बिजक लिने-दिने संस्कृतिको विकास गरी कर अनुपालना अभिवृद्धि गर्न, वास्तविक कारोबार अभिलेखीकरणलाई प्रोत्साहन गर्न उक्त कार्यक्रम सञ्चालन गर्न लागिएको कार्यविधिमा उल्लेख छ। आन्तरिक राजस्व विभागले सो कार्यक्रम सञ्चालन गर्नेछ । कार्यक्रम सञ्चालनका लागि आवश्यकताअनुसार विभागले आयोजक छनोट गर्न वा व्यवस्थापनको जिम्मेवारी तोक्न सक्नेछ । कार्यक्रमअनुसार पाक्षिक रूपमा बम्पर उपहारस्वरुप एक जनालाई रु १० लाख उपलब्ध गराइनेछ । यस्तै, दैनिक रूपमा छनोट हुने एक विजेता उपभोक्तालाई जनही रु एक लाख ३३ हजार ३३३ उपलब्ध गराउनेछ । छनोट भएका उपभोक्ताको नाम आन्तरिक राजस्व विभागको वेबसाइट र सामाजिक सञ्जालबाट सार्वजनिक हुनेछ । आयकर ऐनबमोजिम आकस्मिक लाभबापतको भुक्तानीमा २५ प्रतिशतका दरले करकट्टी हुनेछ।

व्यावसायिक प्रयोजनका लागि खरिद भएका बिजक, सरकारी निकाय वा सार्वजनिक संस्थाको नाममा जारी भएका बिजक भने कार्यक्रममा सहभागी हुन पाउने छैनन् । टेलिफोन, इन्टरनेट, विद्युत्, सवारी तथा ढुवानीका साधन, हवाई टिकट खरिदबापतको बिजक पनि सहभागी हुनसक्ने छैन । स्थायी लेखा नम्बर नलिएका व्यक्तिले खरिद गरेको बिजक पनि मान्य नहुने कार्यविधिमा उल्लेख छ।

सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत करदातालाई सम्मान गर्ने उद्देश्यका साथ यो कार्यक्रम सञ्चालन गर्न लागेको हो । करदातालाई सम्मान गर्न एवं कर तिर्ने बानीको विकास गर्दै बिल बिजक लिने-दिने अभ्यास बढाउनका लागि उक्त कार्यक्रम सञ्चालन गर्न लागिएको आन्तरिक राजस्व विभागले उल्लेख गरेको छ । स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको अधीनमा रही करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन गरिनेछ । प्रत्येक महिनाको १ गतेदेखि सोही महिनाको मसान्तसम्म भएका विद्युतीय भुक्तानीबाट गरिएको खरिद तथा प्रणालीमा प्रविष्ट भएका बिजक सो महिनाको कार्यक्रममा समावेश गरिनेछ।

प्रत्येक खरिद बिजक र विद्युतीय भुक्तानीबाट गरिएको खरिदबापत प्रणालीबाट एउटा उपहार टिकट उपलब्ध हुनेछ । प्रणालीमा प्रविष्ट भएको बिजक एकपटकका लागि कार्यक्रममा सहभागी हुन योग्य हुने व्यवस्था कार्यविधिले गरेको छ।

बिजक नम्बर, बिक्रेताको स्थायी लेखा नम्बर, बिजक जारी मिति, बिजकका उल्लेखित कुल रकम, भुक्तानीको प्रकार, खरिदकर्ताको नाम र मोबाइल नम्बर उल्लेख भएको हुनुपर्नेछ। भुक्तानी नगदमा गरिएको हो वा विद्युतीय हो भन्ने खुलाउनुपर्नेछ । प्रणालीमा प्रविष्ट विवरणको स्वचालित प्रमाणीकरण गरी योग्य बिजक तथा विद्युतीय भुक्तानीबाट गरिएको खरिदलाई कार्यक्रममा समावेश गरिनेछ।

विजेता उपभोक्ता छनोट गर्दा उच्चपदस्थ वा ख्यातिप्राप्त व्यक्ति, विभिन्न निकायका प्रतिनिधि र सञ्चार प्रतिनिधिलाई आमन्त्रण गर्न सकिने व्यवस्था कार्यविधिमा छ । विजेता उपभोक्तालाई निजको मोबाइल नम्बर वा इमेलको माध्यमबाट छनोट भएको जानकारी दिनुपर्नेछ।

उपहार रकम विजेताको बैंक खातामा विभागले सोझै भुक्तानी गर्नेछ । तोकिएको समयभित्र कागजातसहित उपहार दाबी गर्न नआउने विजेताको उपहार रकम भने प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुनेछ।

# कोलकातामा भानुका दुई सालिक र 'भानुभक्त सडक' नामकरण

**रासस**
काठमाडौं, १५ साउन

नेपाली जनकल्याण समिति, हावडाले यस वर्षको २१३औँ आदिकवि भानुभक्त आचार्य जयन्ती भारतको कोलकातामा सम्पन्न गरेको छ।

पश्चिम बङ्गाल राज्यको हावडा मैदानमा आयोजित समारोहमा कविता वाचन, समितिको वार्षिक साहित्यिक पत्रिका 'बिहानी'को भानुजयन्ती विशेषाङ्क-२०२६ को विमोचन, प्रतिष्ठित व्यक्तित्वलाई सम्मान र नेपाली-बङ्गाली सांस्कृतिक कार्यक्रम पनि सम्पन्न भयो। सो अवसरमा साहित्यकार/पत्रकार श्याम रिमाल (काठमाडौँ), लीला अनमोल (झापा) र रण काफ्ले (असम, भारत)ले प्रवास र कोलकाता विषय समेटेर लेखिएको कविता वाचन गर्नुभयो। भानु प्रतिष्ठानका अध्यक्ष डिपी अर्याल र अन्तरराष्ट्रिय मैत्री समाजका अध्यक्ष प्रदीप खनाललाई धार्मिक समन्वय प्रवर्द्धन गर्न योगदान दिएबापत सम्मान गरिएको थियो । कार्यक्रममा कोलकातास्थित नेपाली महावाणिज्यदूत झक्कप्रसाद आचार्यले त्यहाँ रहेका सबै नेपालीलाई एकजुट हुन र भानुजयन्तीजस्ता कार्यक्रम संयुक्त रूपमा मनाउन आग्रह गर्नुभयो । प्रवासी नेपाली सङ्घ भारत (पश्चिम बङ्गाल, झारखण्ड संयुक्त राज्य समिति)का अध्यक्ष नारायणप्रसाद होमगाईँले कोलकातावासी प्रवासी नेपालीले विभिन्न धार्मिक-सांस्कृतिक तथा अन्तरराष्ट्रिय नेपाली साहित्य सम्मेलनमार्फत दिएको योगदानबारे प्रकाश पार्नुभयो । त्यहाँको शिवपुर दीनबन्धु इन्स्टिच्युसन कलेज हावडा, हिन्दी विभागाध्यक्ष डा सत्यप्रकाश तिवारीले आफूले सबै नेपालीलाई जातीय रूपले एकीकृत गर्ने आदिकविबारे अनुसन्धान गर्न चाहेको जानकारी दिनुभयो । समितिका प्रमुख सल्लाहकार धर्मराज बराल र प्रतिष्ठानका अध्यक्ष अर्यालले नेपालीलाई आफू जहाँ रहे पनि आफ्नो नेपाली र अन्य मातृभाषा, साहित्य, कला, संस्कृति प्रचारप्रसार, प्रवर्द्धन र पुस्तान्तरण गर्न आग्रह गर्नुभयो । कोलकाताका समाजसेवी तथा व्यवसायी सुशीलकुमार चौधरीले नतुनहाट, विवेकानन्द पार्कमा करिब ५० लाख लागतमा निर्माणाधीन पशुपतिनाथ मन्दिरको आगामी शिवरात्रिमा प्राणप्रतिष्ठा गरिने जानकारी दिनुभयो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : शारीरिक झमेला | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**लमजुङ**

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला हाल मर्स्याङ्दी गाउँपालिका वडा नं. ०३ निवासी भारतीय भु.पु. सैनिक नं. ५३४३८४१ K ३/४ जि.आर. टेस नायक पुस्कल राम गुरुङको पत्नी मिन कुमारी गुरुङले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. ४९०१) मा नामथर मेन कुमारी भन्ने मीन कुमारी गुरुङ, जन्म मिति वि.स. २०१५/१०/०५ (ई.स. १९५९-०१-१८) उल्लेख भएको र भारतीय सैनिक अभिलेखमा नामथर मीन कुमारी गुरुङ, जन्म मिति वि.स. २०१७/०५/१७ ई.स. १९६०-०९-०१ उल्लेख भई नामथर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक-फरक नामथर र जन्म मिति गरेको व्यक्ति फरक- फरक नभइ एउटै व्यक्ति भएको मर्स्याङ्दी गाउँपालिका ०३ नं. वडा कार्यालयको च.नं. ९७ मिति २०८३/०४/१२ को सिफारिस बमोजिम सोहि बेहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**

## सार्वजनिक सूचना

कास्की जिल्ला पोखरा-१० निवासी गंगादेखि श्रेष्ठको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १२ लालिगुराँसको कित्ता नं. १९६ को क्षेत्रफल १४०.८० वर्गमिटर भएको जग्गामा व्यायामशाला (एभरेष्ट फिटनेस हव) संचालन गर्दा पूर्व तर्फ कि.नं. ३७ र पश्चिम तर्फ कि. नं. ३३ र ३५ का सधियारा फेला नपरेको हुँदा उक्त व्यायामशाला संचालन गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १२ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

# सपना

**पुण्यप्रसाद खरेल**

सपना पनि कस्तो विपनै जस्तो । ठ्याक्कै हिजो भएको घटना भन्नुजस्तै गरेर पो त ! मान्छेहरू त्यस्तै, ठाउँ त्यस्तै, कार्यक्रम त्यसरी नै भएको । खालि के मात्रै भने, शङ्का न सपना भन्नुजस्तो मात्र । मनोवैज्ञानिकहरू भन्छन्- "सपना भनेको अवचेतन मनको प्रकाश हो" भनेर । म पनि कताकति त्यस्तै कुरा भन्थेँ, तर खोई त ! मनमै नभएको, कहिल्यै सोच्तै नसोचेको ! अचम्म ‼ बरु मेरो सोचाइ त देशको राजनीतिका बारेमा नै बढी केन्द्रित थियो । एक महिनाअघि राजिनामा स्वीकृत भैसकेका प्रधानमन्त्री कामचलाउ प्रधानमन्त्री भएर कार्यरत छन् । उनको स्थानमा अर्को प्रधानमन्त्री चुनिन सकेका छैनन् । संविधान नै अहिले मुखबुजो लागेको बकबके मान्छेजस्तो केही बोल्न नसक्ने बनेको छ । 'कठपुतली प्रधानमन्त्री' भनेर प्रधानमन्त्रीको शपथसँगै विरोध गर्न शपथ खानेहरू पनि अहिले अन्जबाफ छन् । नेपालका दलहरू एउटा प्रधानमन्त्री छान्न नसक्ने हुनुजस्तो स्थितिबाट गुज्रिरहनु र देशको अर्थतन्त्र राज्यको असफलताको सँघारमा हुनुजस्तो स्थिति कस्तो चिन्ताको कुरा हो ? मनमा यस्तो चिन्ता भैरहेको बेलामा त्यस्तो सपना ! म त निकै वेर त सपना हो कि विपना हो छुट्याउनै सकिन । यत्रो उमेर भैसक्यो, कति सपना देखेँ-देखेँ, तर आज त म तीन छक्क परेँ । सपना पनि यस्तो छ्याङ्ङ, यस्तो प्रष्ट, यस्तो जस्ताको तस्तै सम्झिइने पनि हुन सक्छ !

कार्यक्रम रहेछ, काठमाडौंको हनुमान ढोकाछेउको एउटा भव्य महलमा । म सन्चय-कोषबाट एक-डेढ लाख रूपैयाँ सापट लिएर घरायसी रिन तिर्ने ध्येय राखी काठमाडौं गएको थिएँछु । कसरी हो, श्रीमतीसहित म पनि पो त्यहाँ हाजिर हुन पुगेछु । कार्यक्रम रहेछ नेपालको ठूलो साहित्यिक पुरस्कार वितरणको । साहित्यको ठूलो पुरस्कार वितरणमा देशका ठूलठूला साहित्यकारहरू उपस्थित हुनेछन्, ती साहित्यकारहरूलाई त्यहाँ प्रत्यक्ष देख्न पाइनेछ, नमस्ते गर्न पाइनेछ, ताक पऱ्यो र त्यस्तै सरल स्वभावका साहित्यकार भए त हात मिलाउन पाइनेछ, मेरो मनले भन्दो रहेछ । साहित्यिक कार्यक्रममा जान जाँगर नगर्ने श्रीमती पनि आज अरु कुनै काममा अलमलिन नपाएर मसँगै पुगिछिन् त्यहाँ । सबै स्वाभाविक थियो तर मेरा मनमा एउटा सानो थकथकी चाहिँ थियो- एउटा क्यामेरा भए आज यहाँ उपस्थित हुने साहित्यकारहरूका साथमा आफू बसेको नक्साचाहिँ खिचेर लाने थिएँ ।

कार्यक्रम सुरु हुन लागेछ । सञ्चालकले पुरस्कार दिने संस्थाको प्रमुखलाई बोलाएर अध्यक्षको कुर्सीमा बसाले । प्रमुख आतिथ्यका लागि एकेडेमीका कुलपतिलाई निम्त्याए । साँच्चै वैरागी काइँला गएर त्यहाँ आसीन भए । उपकुलपति गङ्गाप्रसाद उप्रेती रहेछन्, त्यसरी नै बसे-बसाइए । ओहो ! मलाई त आफूले पहिले देखेकै, चिनेकै मान्छे त्यसरी कुर्सीमा बसेका देख्ता आफैं बस्न पाएजस्तै लागेछ । दौरा-सुरुवालमा सजिएका कुलपति र कोट पेन्ट-रातो टाइमा सजिएका उपकुलपति एउटै देशका नागरिक हुन् जस्तो लाग्दैनथे । आँखा झिमिकमै त्यहाँ त पुरस्कार पाइसकेका व्यक्तिहरूको लइनमा बीसौं साहित्यकार बसिसकेका थिए । त्यहाँ मैले चिनेका केही, चिनेजस्तो लागेका केही र नचिनेका केही साहित्यकारहरू पनि थिए । श्रोता वा दर्शक दीर्घातिर मेरा आँखा घुमे, त्यहाँ धेरैजसो मैले नचिनेका सहभागी थिए । नचिनेका व्यक्तिहरूमाझ यसरी बसिरहँदा मेरी श्रीमतीले अस्पट मानिरहेकी थिइन् । म भने त्यस्तो केही बोध नगरीकन त्यहाँ समयका पलहरू छिचोल्न कोसिस गरिरहेको थिएँ ।

सञ्चालकले त्यहाँ उपस्थित प्रसिद्ध साहित्यकारहरूको नाम सुनाउन थाले- कमलमणि दीक्षित, वासुदेव त्रिपाठी, वासुदेव लुइँटेल, कृष्णप्रसाद पराजुली, मोहनराज सर्मा, गोपाल पराजुली, पद्मावती सिंह, सनत रेग्मी, तीर्थ श्रेष्ठ, धनराज गिरी, अविनाश श्रेष्ठ, गोविन्द गिरी प्रेरणा, ध्रुव सापकोटा, भाउपन्थी, रवि प्रान्जल, मनु ब्राजाकी, युवराज नयाँघरे, महेशविक्रम साह, नयनराज पाण्डे, धरावासी, विष्णुविभू घिमिरे, मन्जु काँचुली, बेन्जु शर्मा, माया ठकुरी, मेरिना, अशेष मल्ल, कृष्णभूषण बल, डा.गोविन्दराज भट्टराई, डा.तुलसीप्रसाद भट्टराई, देवेन्द्र भट्टराई, डा.सन्जीव उप्रेती, तोया गुरुङ यस्तैयस्तै । मेरा आँखा भने त्यहाँ मोदनाथ प्रश्रित, खगेन्द्र सङ्ग्रौला, गोविन्द भट्ट, निनु चापागाईं, आनन्ददेव भट्ट, चूडामणि रेग्मी, वासुदेव अधिकारी, आहुति, प्रदीप नेपाल, अमर गिरी, हरिगोविन्द लुइँटेल, कुसुम ज्ञवाली, रामप्रसाद ज्ञवाली, मित्रलाल पंज्ञानी, विक्रम सुब्बा, डा.ऋषिराज बराल, मातृका पोखरेल, रमेश भट्टराई, सुधा त्रिपाठी, बुँद राना, कुन्ता शर्मा, अनिल पौडेल, नारायण ढकाल, अनिरुद्ध तिमसिना, पुरुषोत्तम सुवेदी, राजव, रामचन्द्र भट्टराई, राजेन्द्र सुवेदी, पूर्ण विराम, डी.आर. पोखरेल, ईश्वरचन्द्र ज्ञवाली, दिल साहनी, सुशिला प्रधानाङ्ग, नर्मदेश्वरी सत्याल, महेश पौडेल, विजय चालिसे आदिलाई समेत खोजिरहेका थिए । रुद्र खरेल, रमेश विकल, भवानी घिमिरे, कृष्णचन्द्रसिंह प्रधानहरूको हालसालैको निधन र उहाँहरूप्रतिको श्रद्धाभाव पनि मनमनमा खेलिरहेजस्तो थियो ।

मनमा एक तमासको को होला त्यो पुरस्कार पाउने भाग्यमानी मान्छे ? को होला आज त्यत्रो लाखौं रूपैयाँ डल्लै पुरस्कार पाउने ? जिज्ञासाको उमर्को थियो । त्यहाँ उपस्थित भएकाहरूमध्ये पुरस्कार पाउन लायक मान्छे चिन्न मेरो मन खुल्दुलिएझैं आँखा पनि उपस्थित साहित्यकारका अनुहार सुम्सुम्याइरहेका थिए । अध्यक्षता गरिरहेका व्यक्तिका तथा प्रमुख अतिथिका छेउछेउका राम्रा, राम्रो लुगा लगाएका, सुहाँउदिला मान्छेका अनुहारमा म अलिक वेर अडिँदै थिएँ । नाम अघि नै भनिसकिएको थियो कि, अन्य सहभागीलाई थाहा थियो कि भैं लाग्दै थियो मलाई ।

अचम्म त्यतिबेलै भयो, सपनाजस्तो त्यति बेलै भयो, सञ्चालकले दुईजना आयोजक सदस्यको नाम लिए र भने- "अब शान्ताजी र सोमाजीलाई म आज पुरस्कृत र सम्मानित गरिने प्रसिद्ध साहित्यकार पवित्रप्रसादज्यूलाई मञ्चसम्म आउन अगुवाइ गरिदिन अनुरोध गर्दछु ।"

एक्कासि मेरा अगाडि अन्धकार छायो, जीउभरि सयौं बारुलाहरूले खिल गाडेजस्तै भयो । मैले आफ्ना छेउमा बसिरहेकी श्रीमतीलाई हेरेँ, मैले उनलाई देखिन । हातले उनलाई छामछुम गरेँ, फेरि उनी त त्यहीँ भएको भान भयो मलाई । अर्को कोही पवित्रप्रसाद होलान् कि ? नाम मात्र मिलेको हो कि ? अझ मलाई नै भए हिजै-अस्ति नै खबर भैसक्नुपर्ने ! म नै आज यहाँ नआएको भए ! … … कि घाम पश्चिमतिरबाट उदाउन थालेको हो त ? मेरा मनमा कति हो कति कुराहरूका गुजुल्टाहरू गुट्मुटिए, सङ्लिए, गुजुल्टिए । शान्ताजी र सोमाजीहरू एक-एकवटा माला हातमा उनेर मञ्चबाट ओर्लिए र म भएतिरै हो कि जस्तो पाइला बढाए । मैले श्रीमतीका आँखामा आँखा लगाएँ- "मैले अघि नै जुत्ता लाउनू नि ! भनेको होइन ? मैले अर्को चाहिँ, त्यो नयाँचाहिँ पेन्ट लाउनू भनेको होइन ?" उनले भनेको जस्तो लाग्यो । साधारण चप्पल राम्रै थिए मेरा गोडामा, पेन्ट कतै उध्रेको थिएन, च्यातिएको थिएन । मलाई उनको त्यो भनाइको त्यति असर परेन । फेरि मेरा आँखा कार्यक्रममा सहभागी अन्य साहित्यकारहरूमा पनि परे, सुटेड-बुटेड, कति राम्राराम्रा रङ्गीन टाइमा सजिएका ! भर्खर शृङ्गार गृहबाट निस्किएर आएका सुन्दर-सुन्दर साहित्यकारहरूलाई देखेर म अलिक हीनत्व बोधपट्टि प्रतिगमन गर्न बाध्यजस्तै भएँ । सयपत्री माला लिएर अगुवाइ गर्न यता लागेका ती दुई युवती मानौं राजकुमारीहरू थिए, ती राजकुमारहरूको बथानमा सबभन्दा बलिष्ठ, युवा, विद्वान्, बौद्धिक, ठूलो राज्यको एक्लो राजकुमारलाई वरण गर्न आइरहेका हुन् झैं लाग्थे । म कदाचित एउटा अन्जान, मोफसलको नादान साहित्यकार थिएँ । त्यो पुजिने साहित्यकार म होइन, अर्को कुनै देदिप्यवान्, झर्झराउँदो पवित्रप्रसाद हुनुपर्छ, कहाँको राजाराम कहाँको … भन्ने उखान सम्झेँ पनि । त्यसै मनको लड्डु घिउसित खानु गर्न पुगेँछु म ! म पछुताएँ पनि । त्यत्रो लाखौंको पुरस्कार म जाबोले पाउने कुरा पनि सम्भव छ र ? मेरा मनमा दोहोरो कुरा खेल्दै थिए । शान्ताजी र सोमाजीका पाइला यतैतिर बढ्दै थिए । मैले मेरा दायाँबायाँ बसेका साहित्यकारका अनुहार आँखैले छाम्न खोजेँ । बडो ढुक्कले नजर मञ्चमा एकोहोऱ्याएर वा ती युवतीका हातका मालामा केन्द्रित गरेर बसिरहेका थिए सबै ।

ती दुई मालाहरूका पाइला-पाइला नजिकिँदै छन्, मेरा मनको ढ्याङ्ग्रो भने जोखाना पग्रिन आँटेको धामीको ढ्याङ्ग्रोजस्तो थर्किँदो छ । मेरो मनले भन्न थालेको छ, या त त्यो पवित्रप्रसाद म हुँदै होइन, या त त्यो पुरस्कार साँच्चैको पुरस्कार होइन र यो नाटक मात्रै हुनुपर्छ । मैले त्यो पुरस्कारको रकम लिन्न भनेकै छैन कसैलाई ! मेरो कोही सिफारिस गर्न लायकको मान्छे नै छैन यता काठमाडौंतिर ! राजधानीमा लु दुई-चार हितचिन्तक ठूला सिफारिसकर्ता भए त शङ्का गर्न पनि मनासिब हुन्छ ! त्यसमाथि मेरो कृति पनि कहाँ उत्तरआधुनिक छ त ? मेरो कोही ठूलो नाताको मान्छे हुँदो हो त ? मेरो त्यो उपन्यासले यौनवाद या यौनमनोविज्ञानलाई ग्वाम्लाङ्ङ अँगालो हाल्दो हो त कतै आसा गर्न सकिन्थ्यो !

च्वास्स मेरो कुहिनामा केले टोकेजस्तो भयो । श्रीमतीजीले चिमोटेकी रहिछिन् । मैले उनीलाई हेरेँ- "मलाई भन्दै नभनीकन अचम्म गर्नुभएछ नि तपाईंले" मेरो कानैमा भनिन् ।

"म होइन, पक्कै ! अर्कै कोही हुनुपर्छ पुरस्कार पड्काउने !" मैले आश्वस्त पार्न खोजेँ ।

"हुन्छ ! तपाईं पनि निकैको छट्टु हुनुहुँदो रहेछ !" उनले जिरह गरिन् । "विश्वास गर न ! स्यालको बथानमा बाख्राले पुरस्कार पाउँदैन !" मैले अझैं भनेँ ।

मेरा मनमा अब यदि त्यो पुरस्कार आफैलाई कथम् दिएकै भए थाप्ने र नथाप्ने भन्नेमा पनि कुराहरू खेल्न थाले । पुरस्कार थापेपछि त म पनि त्यही बथानमा दर्ज हुने परेँ । मलाई पिर पनि पऱ्यो । आ ! त्यत्रो लाखौं रुपियाँ पनि छोड्ने हो त ! हुने कुरा हुँदै जान्छ नि ! जे भए पनि आफ्नो 'युगको स्वर' उपन्यास त त्यही हो आखिर ! त्यसमा जे लेखिएको छ-छ । त्यसैलाई हेरेर पुरस्कार दिइसकेपछि के फरक पर्छ र ! उपन्यासको अन्तर्वस्तु बदलिने होइन क्यारे !" एक मनले भन्यो । फेरि अर्को मनले भन्यो- ' … कहाँ अचेल उपन्यास पढेर, उपन्यासमा पसेर त्यसको मूल्याङ्कन गरेर बुझ्छन् र साहित्यकारहरू ? पुरस्कारबाट एक प्रकारको छाप बोक्छन् अनि 'पवित्रप्रसाद पनि स्याल भएछ है !' भनेर डुङ्गी पिट्छन् ।' मेरा मनमा अनेकन कुराको दाइँ छिरोलियो । त्यो पुरस्कार लिने र नलिने कुराको छिनोफानो गर्न मनले समय माग्ने भयो ।

एक्कासि पन्चै बाजा बज्न लागे । सञ्चालकले त्यही आवाजको भीडमा आफ्नो आवाज पनि मिसाएर घोलघाल पार्न थाले- "यस सालको उत्तम कृति 'युगको स्वर' जस्तो सफल उपन्यासका लागि उपन्यासकार पवित्रप्रसादलाई हाम्रो संस्थाले लाखौं रूपैयाँसहित अभिनन्दन-पत्रद्वारा सम्मान गर्ने निर्णय गरेको छ । उपन्यासकारलाई म हाम्रा सदस्यहरू शान्ताजी र सोमाजीका साथ मञ्चमा आइदिन अनुरोध गर्दछु । 'युगको स्वर' अहो ! म पुन एक पटक झसङ्ङ भएँ । मैले पनि युगको स्वर उपन्यास त प्रकाशन गरेकै छु । कस्तो सन्जोग ! उपन्यासको नाम पनि र फेरि उपन्यासकारको नाम पनि मिलेको ! कसले 'युगको स्वर' उही नाम राखेर उपन्यास लेख्न सकेको ? म डालाको बिटमा बसेर डालाभित्रको चारो चोर्ने कागका झैं टाठा-टाठा आँखा पारेर हेर्न लागेँ । मेरै नाम हो त्यो पवित्रप्रसाद भन्नेमा मलाई एक शतांश पनि विश्वास थिएन ।

सञ्चालक र अध्यक्षका बीच के-के कानेखुसी भयो । सञ्चालकले अध्यक्षलाई हातको कागत लगेर देखाए । अध्यक्ष जुरुक्क उठे, फेरि बसे । उनको अनुहारमा के नहुने घटना घट्न लागेको जस्तो अफ्ठेरो देखियो । उनलाई छट्पटी परेझैं देखियो । एकै छिन् अघि, मेरा जीउमा खन्निएका बारुलाहरू अहिले अध्यक्षका जीउमा खन्निएझैं लाग्यो मलाई । उनका छेउछाउमा बसेका मान्यजनहरू, ठूलठूला साहित्यकारहरूका आँखामा एक प्रकारको आश्चर्यको त्रास पस्यो । कर्मकाण्डी बाहुनको भोजभतेरमा अछुत प्रवेश गर्दा खाँदाखाँदैको गाँस रोकेर टक्क अडिएझैं एकार्कामा मस्तसँगको गफसफ घाँटीघाँटीमा अड्काएर सुनसान भए । 'यो हुनै सक्तैन !' भन्ने प्रकारको वातावरण बन्न थाल्यो त्यहाँ । शान्ताजी र सोमाजीका पाइलाहरूमा एक्कासि काँडा बिझ्यो ।

'ढर्र ढम्म ! ढर्र ढम्म ‼' नगरा बजेको जस्तो आवाज सुनियो । फिल्ममा सर्र एउटा किताबका पन्नाको नक्सा उठाएर अर्को पन्नाका नक्सा देखाइएझैं गरी मेरा सामुन्नेमा ती प्रत्यक्ष कुर्सीमा बसेका मानिसहरू अलप भए, त्यहाँ जो थिएनन् तर मेरा मनले खोजेका थिए, ती साहित्यकार हरूले पो कुर्सीहरू भरिए । अहिले त ती कुर्सीमा युद्धप्रसाद मिश्र पनि, हृदयचन्द्रसिंह प्रधान पनि, पारिजात पनि, भर्खरै बितेका कृष्णचन्द्र सिंह पनि, भवानी घिमिरे, रमेश विकल, रुद्र खरेल पनि पो रहेछन् । फेरि कुलपति र उपकुलपति त साविक छन् । म छक्क पर्दै थिएँ । झल्याँस्स बिउँझिएँ । सपना पनि के-के देखिन्छ ! छक्क परेँ म ।

साभारः गण्डकी सङ्गम

# कालीगण्डकीमा तीन सन्तान जन्माउने १७ परिवार लाभान्वित

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १५ साउन

स्याङ्जाको कालीगण्डकी गाउँपालिकामा तीन सन्तान जन्माउने १७ परिवार लाभान्वित भएका छन् । जनसंख्या घट्दै जाने दरलाई निरुत्साहित गर्न 'तीन सन्तान जन्माउने परिवारलाई आर्थिक सहायता' कार्यक्रमअन्तर्गत गएको आर्थिक वर्षमा १७ परिवार लाभान्वित भएका हुन् ।

गाउँपालिकाले गएको आर्थिक वर्ष २०८२/८३ देखि तेस्रो सन्तान जन्माउने परिवारलाई मासिक चार हजार रुपैयाँका दरले आर्थिक सहायता उपलब्ध गराउँदै आएको छ । परिवारलाई सन्तानप्रति सकारात्मक सोच विकास गराउने, घट्दो जन्मदरलाई सन्तुलनमा ल्याउने तथा पोषणमैत्री स्थानीय शासनलाई प्रभावकारी बनाउने उद्देश्यले आर्थिक सहायता दिइएको गाउँपालिकाले जनाएको छ । 'तीन सन्तान जन्माउने परिवारलाई आर्थिक सहायता प्रदान गर्ने कार्यविधि-२०८२' अनुसार आवश्यक मापदण्ड पूरा गरेका १७ परिवारलाई गएको वर्षदेखि अनुदान दिएको गाउँपालिकाका कार्यवाहक अध्यक्ष सावित्रा कोइरालाले जानकारी दिइन् । पछिल्ला वर्षहरुको तथ्याङ्क अनुसार गाउँपालिकामा जन्मदर निरन्तर घट्दै गएको अवस्था विश्लेषण गरेर सहायता नीति अगाडी सारिएको हो । कार्यविधिअनुसार लाभग्राहीलाई दुई वर्षसम्म मासिक चार हजार रुपैयाँका दरमा नगद उपलब्ध गराइने छ । कार्यक्रमको उद्देश्य केवल आर्थिक सहयोग गर्नु मात्र नभएर पछिल्ला वर्षमा घट्दो जन्मदरप्रति समुदायको ध्यानाकर्षण गराउँदै परिवारलाई केही राहत स्वरुपमा नगदै उपलब्ध गराएको गाउँपालिकाले जनाएको छ । 'पहिले दुई सन्तानलाई आदर्श मान्ने अभियान चलाइयो, तर अहिले धेरै ठाउँमा जन्मदर अत्यधिक घट्दै गएको चुनौती देखिएको छ ।' कोइरालाले भनिन्, 'त्यसैले स्थानीय आवश्यकता र भविष्यको जनसंख्याको अवस्थालाई ध्यानमा राखेर परिवारलाई प्रोत्साहन गर्ने उद्देश्यले कार्यक्रम ल्याएका हौं ।' आर्थिक सहायतासँगै सन्तान हुर्काउने परिवारलाई स्थानीय सरकारले साथ दिएको अनुभूति पनि गराउने विश्वास लिएको उनले बताइन् ।

गाउँपालिकाले २०८२ सालको साउन महिनादेखि तेस्रो सन्तान जन्माउने स्थायी बासिन्दालाई आवश्यक कागजातसहित सम्बन्धित वडा कार्यालयमा निवेदन दिन आग्रह गरेको थियो । गाउँपालिकाले कार्यविधिमार्फत तेस्रो सन्तान नेपाल सरकारबाट सूचीकृत स्वास्थ्य संस्थामै जन्मिएको हुनुपर्ने अनविार्य व्यवस्था गरेको छ । मापदण्डमा निवेदनसँगै आमाबुबाको नेपाली नागरिकताको प्रतिलिपि, तीनै सन्तानको जन्मदर्ताको प्रमाणपत्र, विवाहदर्ता प्रमाणपत्र तथा बसाइँ सरी आएकाको हकमा बसाइँसराइ प्रमाणपत्र पेस गरेका परिवारमध्ये गएको वर्षमा १७ परिवार अनुदानका लागि योग्य ठहरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख एकबहादुर थापाले बताए ।

तीन सन्तान प्रोत्साहन कार्यक्रमलाई गएको आर्थिक वर्षमा १० लाख रुपैयाँ विनियोजन गरेको गाउँपालिकाले चालु आर्थिक वर्ष २०८३/८४ का लागि १५ लाख रुपैयाँको बजेट सुनिश्चित गरेको छ । स्थानीय सरकारले जनसंख्या सन्तुलन, मातृ तथा शिशु स्वास्थ्य प्रवर्द्धन, पोषण सुरक्षा र परिवारलाई प्रोत्साहन गर्ने उद्देश्यले संचालित कार्यक्रमलाई जिल्लामै पृथक र उदाहरणीय अभ्यासका रूपमा हेरिएको छ ।

# भ्रामक सूचना र उत्तेजक सामग्री पोष्ट नगर्न प्रहरीको आग्रह

**रासस**
काठमाडौं, १५ साउन

कर्णाली प्रदेश कार्यालय सुर्खेतका प्रमुख प्रहरी नायब महानिरीक्षक जयराज सापकोटाले भ्रामक सूचना र उत्तेजक सामग्री पोष्ट नगर्न सर्वसाधारणलाई आग्रह गर्नुभएको छ ।

उहाँले फेसबुक, टिकटक, इन्स्टाग्रामलगायत सामाजिक सञ्जालमार्फत धार्मिक वा सामाजिक द्वेष फैलाउने, उत्तेजना बढाउने वा शान्तिसुरक्षामा आँच पुऱ्याउने भ्रामक समाचार, अफवाह, फोटो वा भिडियो पोस्ट, लाइक, कमेन्ट वा सेयर नगर्न आग्रह गर्नुभएको हो । सापकोटाले एक सन्देश जारी गर्दै सुनसरी जिल्लाको देवानगञ्जबाट सुरु भएको विवाद अन्त्यका लागि सामाजिक सद्भाव, धार्मिक सहिष्णुता तथा राष्ट्रिय एकता कायम राख्नुपर्ने बताउनुभयो । उहाँले कर्णाली शान्ति, सहिष्णुता र भाइचारा सम्बन्धको पवित्र भूमि भएकाले व्यक्तिगत वा सामूहिक रुपमा उत्तेजित पार्ने, धार्मिक र साम्प्रदायिक द्वन्द्व फैलाउने, कानुन हातमा लिन, उक्साउन वा अशान्ति सिर्जना गर्ने कुनै पनि तत्वसँग सावधानी अपनाउन कर्णालीवासीलाई अपिल गर्नुभएको छ ।


## एउटै व्यक्ति भएको सूचना



लमजुङ जिल्ला साविक गाउँशहर गा.वि.स. वडा नं. ०९ हाल बेसीशहर नगरपालिका वडा नं. ०२ निवासी भारतीय भू.पू. सैनिक नं. ५२३९१०८ NK मिन बहादुर गुरुङको श्रीमती तारा गुरुङले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. ११९९) मा नामथर तारा माया गुरुङ उल्लेख भएको र भारतीय पेन्सन अभिलेखमा नामथर तारा गुरुङ उल्लेख भई नामथर फरक परेता पनि उल्लेखित फरक-फरक नामथर गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको बेहोरा बेसीशहर नगरपालिका ०२ नं. वडा कार्यालयको च.नं. ८१ मिति २०८३/०४/१३ को सिफारिस बमोजिम लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, लमजुङ**

## एउटै व्यक्ति भएको सूचना





कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २९ निवासी भारतीय भू.पू.सै.नं. ५३४४९६४ एच हवल्दार मंगल बहादुर विश्वकर्माको श्रीमती साबित्री देवी विश्वकर्माको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर साबित्री देवी विश्वकार्मा, जन्म मिति वि.सं. २०२२।१२।११ तदानुसार ई.सं. १९६६-०३-२४ भएको र पेन्सन अभिलेखमा नामथर साबित्री, जन्म मिति ई.सं. १९६६-०७-३१ उल्लेख भएको । साथै, निजको छोरीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर दुर्गा कुमारी विश्वकर्मा भएको र पेन्सन अभिलेखमा दुर्गा देवी विश्वकर्मा उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएका व्यक्तिहरु फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २९ नं. वडा कार्यालयको च.नं. १३० मिति २०८३।०४।१४ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २७निवासी भारतीय भू.पू.सै.नं. 5242206 का नायक दिलिप कुमार गुरुङको श्रीमतीको नेपाली नागरिकतामा नामथर पुनम देवी गुरुङ, जन्म मिति वि.सं. २०१६/१०/१८ (1 Feb, 1960) उल्लेख भएको तर भारतीय पेन्सन अभिलेखमा नामथर पुनम देवी, जन्म मिति वि.सं. २०१५/१०/२० (2nd Feb, 1959) उल्लेख भइ फरक परेता पनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिससाथ अनुरोध गरिन्छ भनी पोखरा महानगरपालिका २७ नं. वडा कार्यालय, कास्कीको च.नं: ५६७ मिति २०७५।६।०७ को सिफारिसपत्रवाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**